चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**Kalu Pandey Samadhi Sthal, View Tower, Parking Sulka, Café Tatha Gift Shop Sanchalan सम्बन्धी बोलपत्रको शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://www.bolpatra.gov.np/egp/ बाट Download गरी प्राप्त गर्न सकिनेछ । सो को लागि रु. ५,०००।- (अक्षरुपी पाँच हजार मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा रकम दाखिला गरी बैंक भौचरको Scanned Copy बोलपत्र सम्बन्धी कागजात Electronic Submission गरी पेश गर्नु पर्नेछ ।

**बोलपत्र फाराम खरिदको लागि बैंकको विवरण**

बैंकको नामः- NIC ASIA Bank Limited

खातावालाको नामः- Chandragiri Municipality

खाताको नामः- GA 1.1 AANTARIK RAJASHWO KHATA-CHANDRAGIRI MUNICIPALITY

खाता नं.:- 0102050506867009

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८१/०३/२१ दिनको १२:०० बजे सम्म मात्र हुनेछ र खोल्ने मिति सोहि दिनको १:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फाराम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

३. बोलपत्र फारामसाथ धरौटी बापत (मु.अ. कर सहित) कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम जम्मा गरेको सक्कलै बैंक भौचरको Scanned Copy वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले यस नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडबण्ड) लाई Scan गरेर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ।

यसरी कबोल अङ्क गणना गर्दा तपशिल बमोजिम गणना गर्नुपर्नेछ ।

उदाहरणका लागि

जस्तै :१ वर्षको लागि अधिकतम कबोल अङ्क = १०००।-(मु.अ. कर बाहेक)

बैंक जमानत = [पहिलो वर्ष = १०००।-, दोस्रो वर्ष = १०००+१०% = ११००।-,तेस्रो वर्ष = ११००+१०% = १२१०।-

(पहिलो वर्ष+दोस्रो वर्ष+तेस्रो वर्ष(मु.अ. कर बाहेक)) = (१०००+११००+१२१०) = ३३१०।-,

मु.अ. कर सहित =(३३१०+(३३१०×१३%)) को ५%] = १८७.०१५।-

**धरौटी रकम जम्माको लागि बैंकको विवरण**

बैंकको नामः- NIC ASIA Bank Limited

खातावालाको नामः- Chandragiri Municipality

खाताको नामः- GA 3 - DHARAUTI KHATA-CHANDRAGIRI MUNICIPALITY

खाता नं.:- 10CA050686752402

४. बोलपत्र फाराम साथ फर्मको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० असार मसान्त सम्मको कर चुक्ता प्रमाणपत्र, अख्तियारीनामा, अख्तियारी प्राप्त आधिकारिक व्यक्तिबाट हस्ताक्षर र सही छाप भएको, कालो सूचीमा नपरेको स्वःघोषणा पत्र संलग्न गरी Electronic Submission गर्नुपर्नेछ ।

५. बोलपत्रदाताले आफूले कबोल गर्न चाहेको रकम एक वर्षको लागि तोकिएको न्यूनतम अङ्कभन्दा बढी वा न्यूनतम अङ्क बराबर हुनुपर्नेछ ।

६. बोलपत्रदाताले कबोल गरेको रकमको मान्य अवधि सम्झौता भए पश्चात ३(तीन) आर्थिक वर्षको लागि हुनेछ र प्रत्येक वर्ष १०% का दरले वृद्धि हुनेछ ।

हेमराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

७. ठेक्का अवधि ठेक्का स्वीकृत भई सम्झौता भएपछि मितिले २०८४ असार मसान्तसम्म रहनेछ । आ.व. २०८१/०८२ को साउन देखि असार मसान्तलाई पहिलो आर्थिक वर्ष, आ.व. २०८२/०८३ को साउन देखि असार मसान्तलाई दोस्रो आर्थिक वर्ष र आ.व. २०८३/०८४ को साउन देखि असार मसान्तलाई तेस्रो आर्थिक वर्ष मानिनेछ ।

८. प्रस्ताव सम्बन्धमा कुनै जानकारी वा कुनै द्विविधा परेमा मिति २०८१/०३/१३ गते दिनको १:०० बजे यस नगरपालिकाको बैठक कक्षमा उपस्थित भई आफ्नो जिज्ञासा प्रस्तुत गर्न समय दिईनेछ । उक्त बैठक पश्चात यस कार्यालय कुनै किसिमको जवाफ दिन बाध्य हुने छैन र सोही शर्त/दस्तावेज कानून बमोजिम आवश्यक काम कारवाही अगाडि बढाउन यस कार्यालयलाई बाधा पर्नेछैन ।

९. स्वीकृत बोलपत्रदाताले सम्झौताको बखत मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको पहिलो चौमासिक वापतको रकम सम्झौता भएकै बखत बुझाउनु पर्नेछ । तत्पश्चात चार चार महिनाको समयान्तरमा किस्ता बुझाउने र चौमासिक सुरु भएको १० गते भित्र किस्ता बुझाउन पर्नेछ । तोकिएको अवधि भित्र रकम नबुझाएमा व्याज समेत कार्य सम्पादन जमानतबाट असुल उपर गरी जुनसुकै समयमा ठेक्का बदर गर्न सकिनेछ । यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउनेछैन ।

१०.सम्झौताको बखत बोलपत्रदाताले कबोल गरेको रकम मध्ये पहिलो चौमासिकमा बुझाएको रकमलाई घटाई बाँकी रहने रकम बराबरको रकम(मू.अ. कर सहित) नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ र कार्यसम्पादन जमानतको समयावधि सम्झौता भएको मितिबाट २०८४ साउन मसान्तसम्मको हुनुपर्नेछ ।

११.बोलपत्रदाताबाट कर संकलन गरेको रकम चौमासिक रुपमा दाखिला गरिसकेपछि दाखिला गरे वापतको रकम बराबरको जमानत प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

१२.बोलपत्र फारामको प्रत्येक पानामा फर्मको छाप र आधिकारिक व्यक्तिको विवरण सहित हस्ताक्षर भएको हुनुपर्नेछ ।

१३.बोलपत्र स्वीकृत भएपश्चात कार्यालयले बोलपत्रदातालाई सम्झौताको लागि कार्यसम्पादन जमानत सहित आह्वान गर्नेछ र सो समय अवधिभित्र सम्झौताको लागि उपस्थित नभएमा नियमानुसार बोलपत्र जमानत जफत गरिनेछ र त्यसपश्चात अधिकतम अंक कबोल गर्ने बोलपत्रदातालाई सम्झौताको लागि आह्वान गरिनेछ ।

१४. इन्द्रदह र भ्यू टावर क्षेत्रमा वडा कार्यालयबाट निर्धारित क्षेत्रमा मात्र पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

१५.बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएको बाहेक अन्य कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले कुनै किसिमको छुट, मिनाहा वा माफी दिने छैन ।

१६.चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ बमोजिम बोलपत्रदाताले बोल कबोल रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% ले हुने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ । तर भ्याट रकममा भने छुट दिइने छैन ।बोलपत्रदाताले रकम नगरपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ ।

१७.सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा चन्द्रागिरि नगरपालिकाबाट दिएको निर्देशनलाई बाधा व्यवधान गरेको मानिनेछ । यस कार्यालयबाट जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ । निरीक्षणमा आवश्यक सहयोग पुऱ्याउनु ठेकेदारको कर्तव्य हुनेछ ।

१८.कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा विवाद उत्पन्न भएकै कारण, सो अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधि मानिने छैन ।

१९.जसको नाममा बोलपत्र फाराम खरिद गरिएको हो सोही नामबाट दाखिला हुनु पर्नेछ ।

हेमराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

२०.चन्द्रागिरि नगरपालिकाको छाप नलागेको र प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

२१.बोलपत्रदाताले BOQ मा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

२२.बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

२३.रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

२४.ठेक्का कबोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकेको शुल्क उठाउँदा कर संकलनका लागि प्रयोग गरिने रसिदहरु बोलपत्रदाता स्वयम्ले छपाई यस कार्यालयमा अभिलेख राखी प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

२५.प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्यहरु गर्न/गराउन पाइनेछैन ।

२६.यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट https://chandragirimun.gov.np/ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेव साइट https://www.bolpatra.gov.np/egp/बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचनापाटीमा समेत टांस गरिएको छ ।

२७.नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर, मूल्य अभिवृद्धि कर तथा शुल्कहरु बोलपत्रदाता स्वयम्ले छुट्टाछुट्टै चेक जारी गरी नगरपालिकामा पेश गर्नुपर्नेछ र उक्त रकमहरु नगरपालिकाले प्रस्तावदाताको नामबाट सम्बन्धित राजस्व शिर्षकमा बैंक दाखिला गर्नेछ ।

२८.प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२९.कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

३०.सूचना तथा यस बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून, चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ तथा यस नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

३१.माथि उल्लेखित शर्तहरुको अधिनमा रही कर संकलन गर्नुपर्नेछ । शर्त बाहिर गई कर/शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

**चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०८० मा समावेश भएको दररेट**

| १०.१ | सवारी साधन पार्किङ्ग शुल्क प्रतिघण्टा | दर |
|---|---|---|
| | क) बस, ट्रक, लहरी, डोजर, व्याक्होलोडर, ग्रेडर, स्क्याभेटर, लोडर, रोलर लगायत हेभि इक्विपमेन्ट अतिरिक्त समय अधिकतम १५० सम्म | ५०।- |
| | ख) मिनिबस, मिनी ट्रक अतिरिक्त समय अधिकतम ९० सम्म | ३०।- |
| | ग) कार, जिप, भ्यान/माइक्रोवस अतिरिक्त समय अधिकतम ६० सम्म | २०।- |
| | घ) मोटरसाइकल/स्कुटर अतिरिक्त समय अधिकतम ३० सम्म | ५।- |

हेमराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

| कालु पाण्डे समाधि स्थल र भ्यु टावर अवलोकन | |
|---|---|
| कालु पाण्डे समाधि स्थल अवलोकनको टिकट शुल्क (स्वदेशी) | १०।- |
| कालु पाण्डे समाधि स्थल अवलोकनको टिकट शुल्क (विदेशी) | ५०।- |
| भ्यु टावर अवलोकनको टिकट शुल्क (स्वेदशी) | २०।- |
| भ्यु टावर अवलोकनको टिकट शुल्क (विदेशी) | १००।- |
| नोटः विद्यार्थी/ जेष्ठ नागरिक/ अपाङ्गता भएकालाई माथिका दररेटमा ५० प्रतिशत छुट | |

उल्लेखित दररेटमा आर्थिक ऐनबाट फरक व्यवस्था गरेमा सोही बमोजिम हुनेछ ।

हेमराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत